जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २४१ ❑ २०८३ असोज ०२ गते शुक्रबार ❑ Friday, 18 Sept. 2026 ❑ मूल्य ७ /-




बालबालिकामा प्रविधिको असर

रुद्रहरि भण्डारी

(३)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०




# जापानिज इन्सीलाइटिसको संक्रमण बढ्दै

पूर्वसन्देश समाचार



**दमक/** क्युलेक्स प्रजातिको संक्रमित लामखुट्टेको टोकाइबाट फैलने जापानिज इन्सेफ्लाइटिस (जेई) का कारण कोशी प्रदेशमा दुई महिनाभित्रै ११ जनाको मृत्यु भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार मृत्यु हुनेहरूमा झापाका सात, सुनसरीका दुई तथा मोरङ र इलामका एक-एक जना छन् । झापाका मेचीनगरमा दुई तथा अर्जुनधारा, बिर्तामोड, बाह्रदशी, हल्दीबारी र भद्रपुरमा एक-एक जनाको ज्यान गएको हो । जिल्ला स्वास्थ्य कार्यालयको प्रारम्भिक तथ्यांकमा पाँच जनाको मृत्यु पुष्टि भए पनि स्थानीय तहबाट प्राप्त विवरणअनुसार झापामा मृतकको संख्या सात पुगेको छ ।

गत १५ असारमा सुनसरीको इटहरीमा पहिलो केस फेला परेपछि प्रदेशका १४ वटै जिल्लामा शंकास्पद बिरामीको परीक्षण थालिएको थियो । परीक्षण गरिएकामध्ये झापामा ११२ जनामा जाँच गर्दा १२ जनामा संक्रमण देखिएको छ भने, मोरङमा ७७ जनामा जाँच गर्दा नौ, सुनसरीमा ५४ जनामा जाँच गर्दा ५ र इलाममा १८ जनामा जाँच गर्दा २ जानामा संक्रमण देखिएसँगै कुल २८ जनामा संक्रमण पोजिटिभ पुष्टि भएको प्रदेश स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

संक्रमण बढ्दै गएपछि झापामा असोज ५ गतेदेखि ३० वर्ष माथिका नागरिकलाई लक्षित गरी जेईविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ । स्वास्थ्य मन्त्रालयकी प्रवक्ता डा. सभ्यता पन्थीका अनुसार ३० वर्षमुनिका नागरिकले नियमित खोप कार्यक्रममार्फत पहिले नै खोप पाइसकेकाले यसपटक ३० वर्षभन्दा माथिका चार लाख ९३ हजार ३१९ जनालाई खोप दिन लागिएको हो । यस अभियानका लागि १३८ जना स्वास्थ्य जनशक्ति परिचालन गरिने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

धानबाली, नदी छेउछाउ, सुँगुर तथा हाँसपालन गरिएका क्षेत्रमा क्युलेक्स लामखुट्टे बढी पाइने र तिनकै टोकाइबाट संक्रमण फैलिने दमक अस्पतालका फिजिसियन डा. अनुपम घिमिरेले बताए । उनका अनुसार उच्च ज्वरो आउने, बान्ता हुने, टाउको दुख्ने र स्नायु प्रणालीमा असर परी स्मरण शक्ति गुम्ने यसका मुख्य लक्षण हुन् । रोगले अपांगता बनाउन सक्ने वा ज्यानसमेत लिन सक्ने भएकाले लक्षण देखिनासाथ तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न र सतर्कता अपनाउन डा. घिमिरेले सुझाव दिएका छन् । झापामा ज्वरो आएर बिरामी पर्नेको संख्या उच्च रहेको छ ।

# '१५औँ महाधिवेशन देउवाबाट उद्घाटन गर्न तयार छौँ'



**दमक/** नेपाली कांग्रेसका सभापति गगन थापाले १५औं महाधिवेशनको उद्घाटन पूर्वसभापति शेरबहादुर देउवाबाट गर्न तयार रहेको बताएका छन् । केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समितिको बैठकमा उनले यस्तो बताएका हुन् । 'पूर्वसभापतिले आएर महाधिवेशन उद्घाटन गरिदिने कुरामा सम्मान हुन्छ,' थापाले भने ।रुरुरुरुरुरु थापाले पार्टीभित्र एकता भइसकेकाले छुट्टै महाधिवेशन गर्नुपर्ने आवश्यकता नरहेको बताएका हुन् ।

उनले पार्टीलाई थप एकताबद्ध बनाएर अघि बढ्न आफूले आवश्यक त्याग र लचकता अपनाउन तयार रहेको पनि बताए ।

'मेरो सर्वोच्च नेता शेरबहादुर दाइलाई आग्रह गर्दछु, छुट्टै बसेर महाधिवेशन गर्नुपर्ने आवश्यकता छैन । मेरो तर्फबाट अरू के त्याग गर्नुपर्छ, म तयार छु । म पार्टीको नेता भएपछि अरू थप विषयमा समेटेर लिएर जाने कुरामा केमा लचकता लिएर जानुपर्ने हो, म तयार छु,' थापाले भने ।

# दउवा संघद्वारा ४१ लाख राहत सहयोग

**दमक/** दमक उद्योग वाणिज्य संघले भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको राहत तथा उद्धारका लागि ४१ लाख रूपैयाँ बढी सहयोग गरेको छ । संघको अगुवाईमा व्यवसायीहरूको टोलीले बुधबार दमकस्थित इलाका प्रशासन कार्यालयमा पुगेर उक्त सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाएका हुन् ।

संघका अध्यक्ष गोपाल गुरागाईका अनुसार नगद रू. २ लाख ४३ हजार ३७५ रूपैया र बाढीपीडितका लागि आवश्यक जिन्सी सामग्रीतर्फ रू. ३८ लाख २८ हजार २० रूपैयाँ बराबरको सहयोग गरिएको उल्लेख छ ।

संघले विपद्को समयमा सामाजिक उत्तरदायित्व बहन गर्दै प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग गरेको अध्यक्ष गुरागाइले बताए ।

यसअनुसार संघको नगद तथा जिन्सी गरी कुल रू. ४१ लाख बढीको सहयोग भएको देखिन्छ । पछिल्लो समय भोटेकोशी बाढी प्रभावित क्षेत्रमा निजी क्षेत्र तथा व्यवसायिक संघसंस्थाबाट राहत सहयोग जुट्ने क्रम जारी छ ।

# जिप पल्टिँदा चालकको मृत्यु

**इलाम/** इलामको देउमाई नगरपालिका-१ साधुगाउँमा बोलेरो जिप दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ ।

मे १ ज ३७०६ (प्र.१-०१-००१ ज ३७०६) नम्बरको बोलेरो जिप सडकमा पल्टिँदा चालक देउमाई नगरपालिका-१ चमैता बस्ने अन्दाजी ३५ वर्षीय तीर्थराज बस्नेतको मृत्यु भएको हो । पल्टिएको गाडीले थिचिएर उनको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय मङ्गलबारेबाट प्रहरी निरीक्षकको कमान्डमा एसओको सहितको प्रहरी टोली खटिएर आवश्यक कानुनी प्रक्रिया अगाडि बढाएको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# घुससहित अधिकृत पक्राउ

**दमक/** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नापी कार्यालय डिल्लीबजारअन्तर्गत ३ नं. नापी टोली, माछापोखरीका टोली प्रमुख नापी अधिकृत डिल्लीबहादुर वलीलाई ९ लाख रूपैयाँ घुससहित नियन्त्रणमा लिएको छ ।

वलीले छुट जग्गा दर्ता सिफारिससहितको मिसिलपत्र भूमि प्रशासन कार्यालय, मनमैजु, काठमाडौंमा पठाउन अनावश्यक सास्ती, दुःख र हैरानी दिई घुस मागिरहेको उजुरीका आधारमा अख्तियारको टंगालस्थित कार्यालयबाट टोली खटिएको थियो । अख्तियारको टोलीले वलीलाई घुसबापत लिइसकेको ९ लाख रूपैयाँसहित काठमाडौंको टोखा नगरपालिका-५, बाँकी 8 पेजमा ▸▸

# भद्रपुर भन्सारको राजस्व असुलीमा सुधार

**भद्रपुर/** भद्रपुर भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८३/८४ को सुरुआती दुई महिना (साउन र भदौ) मा निर्धारित लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ ।

कार्यालयले यस अवधिमा चार करोड ६६ लाख ४९ हजार ५४० रुपैयाँ राजस्व असुली गरेको हो । यो दुई महिनाका लागि निर्धारित कुल लक्ष्यको ११८ दशमलव ३४ प्रतिशत हो ।

कार्यालयका प्रमुख भन्सार अधिकृत प्रभुनारायण मेहताका अनुसार सीमा क्षेत्रमा चोरी, पैठारी नियन्त्रणमा सशस्त्र प्रहरीको सक्रियता बढेसँगै वैधानिक रुपमा भन्सार नाकाबाट हुने आयातमा वृद्धि भएकाले राजस्व असुलीमा सुधार आएको हो । विशेषगरी यस अवधिमा साडी, कुर्तासलवारलगायत कपडाको आयात बढेको उनले बताए ।

भदौमा मात्र दुई करोड १० लाख २४ हजार रुपैयाँराजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा कार्यालयले तीन करोड १६ लाख १५ हजार ४२२ रुपैयाँ संकलन गरेको छ । यो लक्ष्यको १५० दशमलव ३८ प्रतिशत हो । यसअघि साउनमा एक करोड ५० लाख ३४ हजार ११८ रुपैयाँ राजस्व संकलन भएको थियो ।

चालु आवका लागि कार्यालयले २६ करोड २८ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ । दुई महिनाको बाँकी 8 पेजमा ▸▸

# महिला हराएको सूचना



झापा शिवशताक्षी नगरपालिका वडा नं. ८, झिलझिले निवासी मायादेवी लामिछाने ढकाल (वर्ष ६९) की मिति २०७४ सालदेखि घरमा काठमाडौं जान्छु भनी हिंड्नु भएको र हालसम्म पनि कुनै सम्पर्कमा नआउनु भएको हुँदा कोही कसैले भेट्नु वा देख्नु भएमा नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ । साथै सम्पर्क वा खबर गरिदिनु हुने व्यक्तिलाई उचित पुरस्कारको पनि व्यवस्था गरिएको छ ।

**हुलीया :**

नाम : मायादेवी लामिछाने (ढकाल)

वर्ष : ६९ उचाई : आन्दाजी ५:५ फिट

वर्ण : गोरो बस्त्र : पहेंलो रंगको सारी र चोलो लगाएको

सम्पर्कका लागि :

९८१३७१९०४१ (छोरा: गंगाप्रसाद लामिछाने)

९८१५७२५६१८ (ज्वाइँ : दिप संग्रौला)


# हार्दिक बधाई तथा शुभकामना



दमक बहुमुखी क्याम्पसका पूर्वविद्यार्थी, अंग्रेजी विषयका विशिष्ट अनुसन्धाता, प्रखर साहित्यिक व्यक्तित्व तथा यस क्याम्पसप्रति सदैव आत्मीय, सहयोगी र सद्भावपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका **प्रा. डा. हेमराज काफ्लेज्यू** काठमाडौं विश्वविद्यालय, स्कुल अफ एजुकेसनको डिन पदमा नियुक्त हुनुभएकोमा उहाँको दीर्घ शैक्षिक अनुभव, अनुसन्धानात्मक दक्षता, साहित्यिक योगदान तथा शिक्षा क्षेत्रप्रतिको समर्पणबाट काठमाडौं विश्वविद्यालयको शैक्षिक उन्नयन र संस्थागत विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वासका साथ कार्यकाल उपलब्धिमूलक, सफल एवं गरिमामय रहोस् तथा आगामी दिनमा थप उच्च जिम्मेवारी र उपलब्धिहरू हासिल गर्न सफलता मिलोस् भन्ने हार्दिक शुभेच्छासहित दमक बहुमुखी क्याम्पस परिवारको तर्फबाट **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

**दुण्डीराज भण्डारी**
(अध्यक्ष)

**यज्ञराज गिरी**
(क्याम्पस प्रमुख)

एवम् **दमक बहुमुखी क्याम्पस परिवार**

दमक-झापा

# सम्पादकीय

## लागुऔषध नियन्त्रण गरौं

नेपालमा पछिल्ला वर्षहरुमा लागुऔषध दुर्व्यसन र यसको अवैध कारोबार एउटा भयावह सामाजिक संकटका रुपमा उब्जिएको छ । कुनै समय नेपाललाई केवल पर्यटकीय दृष्टिकोणले वा गाँजाको खुल्ला प्रयोग हुने स्थलका रुपमा मात्र हेरिने गरिए पनि, आज यो समस्या केवल प्रयोगमा सीमित नरहेर अवैध ओसारपसार र संगठित अपराधको केन्द्र झापासहित सिंगो नेपाल बन्दै गएको छ । गृह मन्त्रालय र नेपाल प्रहरीका विभिन्न तथ्यांकहरुलाई केलाउँदा नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या तीव्र गतिमा बढिरहेको देखिन्छ । सबैभन्दा चिन्ताजनक पक्ष त के छ भने यस कुलतमा फस्नेहरुमा ठूलो हिस्सा १५ देखि २९ वर्ष उमेर समूहका किशोर तथा युवाहरुको छ । देशको भविष्य मानिने, विकासको आधार स्तम्भ बन्नुपर्ने ऊर्जाशील जनशक्ति नै नशाको अन्धकारमा फस्नुले राष्ट्रको सामाजिक, आर्थिक र सुरक्षात्मक ढाँचामाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ ।

नेपालमा लागुऔषधको सञ्जाल यसरी तीव्र रुपमा फैलिनुमा बहुआयामिक र जटिल कारणहरु जिम्मेवार छन् । छिमेकी मुलुक भारतसँगको खुला र अनियन्त्रित सीमानाका कारण साना-ठूला तस्करहरुले प्रतिबन्धित औषधि तथा ब्राउन सुगरजस्ता कडा लागुऔषध सहजै भित्र्याइरहेका छन् । भौगोलिक सुगमतातर्फ अघि बढ्दै गर्दा नाकाहरुमा प्रविधियुक्त कडा निगरानी हुन नसक्नु तस्करहरुका लागि वरदान साबित भएको छ । अर्कोतर्फ, आन्तरिक रुपमा युवाहरुमा व्याप्त बेरोजगारी, उज्ज्वल भविष्यप्रतिको अन्यौल, पारिवारिक विखण्डन, मानसिक तनाव र साथीभाइको नकारात्मक दबाबले पनि उनीहरुलाई क्षणिक राहतको खोजीमा दुर्व्यसनतर्फ धकेलिरहेको छ । प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र डिजिटल माध्यमको प्रयोग गरेर गुप्त रुपमा लागुऔषधको खरिद-बिक्री हुने प्रवृत्तिले यस समस्यालाई अझ गम्भीर र जटिल बनाएको छ । साथै, दशकौं पुरानो कानुनी ढाँचा र सुस्त कार्यान्वयन संयन्त्रले वर्तमान समयका आधुनिक, सङ्गठित र प्रविधिमैत्री अपराधलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न सकिरहेको छैन ।

यस जटिल संकटको समाधान केवल प्रहरीको प्रशासनिक कारबाही वा जेल सजायमा मात्र सीमित हुन सक्दैन । प्रयोगकर्ता वास्तवमा मानसिक र शारीरिक रुपमा पीडित बिरामी हुन्, जसलाई सजायभन्दा पनि दया, उपचार, सुधार र पुनर्मिलनको खाँचो हुन्छ । त्यसैले आपूर्ति नियन्त्रणमा जति कडा नीति अपनाइन्छ, माग न्यूनीकरण र प्रयोगकर्ताको पुनर्स्थापनामा त्यति नै संवेदनशील र मानवीय दृष्टिकोण राख्नुपर्छ । समस्याको मूल जडसम्म पुग्नका लागि तीन तहकै सरकार, शिक्षा क्षेत्र, नागरिक समाज, सञ्चारमाध्यम र प्रत्येक अभिभावकले एकीकृत र समन्वयकारी कदम चाल्नु अपरिहार्य बनेको छ ।

आपूर्ति नियन्त्रणका लागि सीमा क्षेत्रमा आधुनिक प्रविधिसहितको कडा चेकजाँच र प्रहरीको 'लागुऔषध नियन्त्रण ब्यूरो'को क्षमता अभिवृद्धि गर्दै तस्करीको अन्तर्राष्ट्रिय सञ्जाल भत्काउनु पर्छ । त्यसैगरी, माग घटाउनका लागि विद्यालय तथा कलेजस्तरबाटै लागुऔषधविरूद्धका व्यावहारिक चेतनामूलक कार्यक्रम र मानसिक स्वास्थ्य परामर्श सेवालाई पाठ्यक्रमकै अंग बनाउनु पर्छ । देशभर पर्याप्त, व्यवस्थित र सरकारी स्तरबाटै सञ्चालित सुधार गृहहरुको स्थापना गर्दै उपचारपछि युवाहरुलाई समाजमा सम्मानजनक ढंगले स्थापित गराउन सीपमूलक तालिम र रोजगारीको अवसरसँग जोड्नुपर्छ । युवापुस्तालाई कुलतको अँध्यारोबाट निकालेर उत्पादनमूलक र सिर्जनशील दिशामा डोर्याउनु आजको राष्ट्रिय प्राथमिकता हुनुपर्छ । सरकारले आफ्ना पुराना नीति र कानुनमा समयसापेक्ष परिमार्जन गर्दै लागुऔषध कारोबारविरूद्ध शून्य सहनशीलताको नीति अपनाउनै पर्छ ।

## धर्मका कुरा

१. हिन्दू धर्म थाहा भएसम्म सबैभन्दा पूरानो धर्म हो जसका कारण यसलाई सनातन धर्म पनि भनिँदै आएको छ । यसको उत्पति १० हजार वर्षअघि भएको थियो भने यसका साहित्यिक कृतिहरूलाई इसा पूर्व ७ हजारभन्दा अघि रचिएको मानिन्छ ।
२. हिन्दू धर्मलाई इसाई धर्म र मुस्लिम धर्मपछिको सबैभन्दा ठूलो धर्म मानिन्छ । विश्वभरि १४ प्रतिशत मानिसहरू हिन्दू धर्मावलम्बी रहेका छन् ।
३. योगा, प्रणायाम, ज्योतिषशास्त्र, अंकशास्त्र, हस्तरेखा विज्ञान तथा वास्तुशास्त्र जस्ता विज्ञान तथा शास्त्रहरू हिन्दू संस्कृति तथा जीवनपद्धतिबाट उत्पति भएका हुन् ।
४. संसारको सबैभन्दा ठूलो मन्दिर भारतमा होइन, कम्बोडियाको अंगकोरमा पर्दछ ।
५. नेपालको उत्पति हिन्दू ऋषि ने मुनीले गरेका हुन् भन्ने मिथ्य रहेको छ ।
६. हिन्दू धर्ममा, महिला र पुरूष दुवैलाई समान मानिन्छ । महिलालाई पनि भगवतीको रूपमा पूजा गर्ने चलन हुन्छ, जुन यस धर्मको मुख्य विशेषता पनि हो ।
७. हिन्दू धर्ममा आधारित मन्दिरहरूको वास्तुकला आकर्षक सज्जावट मात्र होइनन्, ऊर्जाको केन्द्र पनि हुन् र विशेष वैज्ञानिक महत्व राख्दछन् भन्ने कुरा प्रमाणित भइसकेको छ । मन्दिर निर्माणमा प्रयोग हुने फलामदेखि निर्माणको ढाँचासम्मले पनि सकारात्मक ऊर्जा संचारित गर्दछ भन्ने कुरा प्रमाणित भइसकेको छ ।
८. आदर्श हिन्दू धर्मको चार मुख्य उद्देश्यहरू धर्म, अर्थ, कर्म तथा मोक्ष हुन् ।
९. "कर्म" शब्द राम्रो वा नराम्रो काम भन्ने अर्थ बुझाउने हिन्दू अवधारणाबाट आएको शब्द हो ।
१०. बौद्ध धर्मको उद्भव हिन्दू धर्मबाटै भएको मान्ने गरिन्छ । हिन्दू धर्मको विकल्पको रूपमा बौद्ध धर्मको सुरूवात भएको हो भन्ने मान्नेहरू पनि छन् । बौद्ध धर्म भारतबाट प्रचारित हुँदै एसियाभर पुगेको थियो ।
११. विश्वमा हरेक सात मानिसमध्ये एक हिन्दू भारतीय नागरिक पर्दछन् ।
१२. विश्वको प्रख्यात फोन कम्पनीका संस्थापक स्टिभ जब्स्ले फेसबुकका संस्थापक मार्क जुर्कबर्गलाई आन्तरिक शान्ति तथा आधात्यमिकता प्राप्तिका लागि भारतको उत्तराखण्डमा रहेको कैंची धाम मन्दिर घुम्न जान सुझाव दिएका थिए ।
१३. संसारको सबैभन्दा मूल्यवान धार्मिक संरचना भारतको केरलाको पद्यमनाभास्वामी मन्दिरलाई मानिन्छ । यो मन्दिरमा रहेको अत्याधिक बहुमूल्य आभूषणसहितको यस मन्दिरको सम्पत्तिको मूल्य २२ खर्ब ३० करोड रहेको छ ।

# बालबालिकामा प्रविधिको असर



रुद्रहरि भण्डारी



मानव जीवनमा चार दशकको समय एउटा युग परिवर्तनको साक्षी बन्न पर्याप्त हुन्छ । निजामती सेवामा बिताएका मेरा चार दशकमध्ये झन्डै तीन दशक शिक्षा प्रशासनमै समर्पित रहे । यस अवधिमा शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, राष्ट्रिय परीक्षा बोर्ड, बागमती प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रदेखि नीति निर्माण र कार्यान्वयनसँग सम्बन्धित विभिन्न निकायमा रहेर काम गर्ने अवसर पाएँ । ती वर्षहरू केवल सरकारी सेवाका अभिलेख मात्र थिएनन्; ती नेपालको शिक्षाप्रणाली, सामाजिक रूपान्तरण र नयाँ पुस्ताको विकास यात्रालाई नजिकबाट नियाल्ने मात्र होइन; त्यसलाई दिशा दिने नीति निर्माण, कार्यक्रम विकास र कार्यान्वयनका अनेकौं प्रयासमा प्रत्यक्ष सहभागी बन्ने अमूल्य अवसर पनि थिए ।

यस यात्रामा चक, डस्टर र कालोपाटीबाट सुरु भएको शिक्षण प्रणाली ह्वाइट बोर्ड, कम्प्युटर ल्याब, मल्टिमिडिया प्रोजेक्टर हुँदै आज स्मार्टफोन, ट्याब्लेट र कृत्रिम बौद्धिकता (एआई) सम्म आइपुगेको प्रत्यक्ष देख्ने अवसर मिल्यो । कुनै समय शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्न नीति, योजना र कार्यक्रम बनाउँदा हामी शिक्षाकर्मी उत्साहित थियौं । उद्देश्य स्पष्ट थियो- दुर्गम गाउँसम्म कम्प्युटर पुऱ्याउने, विद्यालयमा इन्टरनेटको पहुँच विस्तार गर्ने र नेपाली विद्यार्थीलाई विश्वस्तरीय प्रतिस्पर्धाका लागि सक्षम बनाउने ।

त्यस समयको सोच गलत थिएन । प्रविधिले सिकाइका नयाँ अवसर सिर्जना गऱ्यो, सूचना प्राप्त गर्ने माध्यम विस्तार गऱ्यो र शिक्षामा पहुँच बढाउन भूमिका निर्वाह गऱ्यो । विशेष गरी भौगोलिक विकटता, स्रोतको अभाव र आकस्मिक परिस्थितिमा प्रविधि उपयोगी बन्यो तर आज शिक्षा क्षेत्रको लामो अनुभव बोकेको शिक्षाकर्मी, अभिभावक र सचेत नागरिकका रूपमा वर्तमान अवस्था नियाल्दा चिन्ता उत्पन्न हुन्छ । प्रविधि आफैं समस्या होइन; यसको अनियन्त्रित, असन्तुलित र उमेर अनुसार अनुपयुक्त प्रयोग मुख्य चुनौती बनेको छ ।

### बदलिएको बालसंसार

हामीले साक्षरता दर, डिजिटल पहुँच र इन्टरनेट प्रयोगका सूचकाङ्क बढायौं तर सँगसँगै बालबालिकाको एकाग्रता, पठन संस्कार, सिर्जनशीलता र सामाजिक अन्तर्क्रियामा चुनौती देखिन थालेका छन् । धेरै अभिभावक र शिक्षकले विद्यार्थीको ध्यान पढाइभन्दा मोबाइलतर्फ बढी केन्द्रित भएको अनुभव गर्छन् । यही अवस्थाले बालमनोविज्ञान र शिक्षाको गुणस्तरबारे गम्भीर बहस आवश्यक बनाएको छ ।

नेपाली समाजमा बालबालिकाका हातमा स्मार्टफोन व्यापक रूपमा पुग्ने मुख्य मोड कोभिड-१९ महामारी बन्यो । विद्यालय बन्द भए, नियमित पठनपाठन अवरुद्ध भयो र सिकाइलाई निरन्तरता दिन वैकल्पिक माध्यम अपनाउनु अपरिहार्य बन्यो । यही परिस्थितिमा अनलाइन कक्षा, डिजिटल सामग्री र मोबाइलमा आधारित सिकाइलाई सरकारले प्राथमिकता दियो । अभिभावकले पनि कठिन आर्थिक अवस्थाबिच आफ्ना छोराछोरीका लागि मोबाइल र इन्टरनेटको व्यवस्था गरे । त्यो निर्णय तत्कालीन परिस्थितिको आवश्यकता थियो । अनलाइन सिकाइको विकल्प खोजिएको नहुने हो भने लाखौं विद्यार्थी लामो समय शिक्षाबाट वञ्चित हुने अवस्था आउन सक्थ्यो । त्यसैले महामारीका बेला प्रविधिको प्रयोगले शिक्षाप्रणालीलाई निरन्तरता दिन महत्वपूर्ण योगदान पुऱ्याएको तथ्य स्वीकार गर्नु पर्छ ।

तर महामारीपछि देखिएको अर्को यथार्थ भने अझ चुनौतीपूर्ण बन्यो । विद्यालय खुले, नियमित कक्षा सञ्चालनमा आए तर धेरै बालबालिकाको हातबाट मोबाइल छुटेन । अध्ययनका लागि किनिएका उपकरण बिस्तारै सामाजिक सञ्जाल, छोटा भिडियो, अनलाइन गेम र अन्य मनोरञ्जनका माध्यम बन्दै गए । कतिपय विद्यार्थीका लागि मोबाइल पढाइको साधनभन्दा मनोरञ्जनको केन्द्र बन्न पुग्यो । यही अवस्थाले विद्यालय, परिवार र समाजलाई नयाँ चुनौतीको सामना गर्न बाध्य बनाएको छ ।

आज धेरै शिक्षकले विद्यार्थीको घट्दो एकाग्रता, पठनप्रतिको अरुचि, हस्तलेखन अभ्यासमा आएको कमी तथा छोटो उत्तर खोज्ने प्रवृत्तिबारे चिन्ता व्यक्त गरिरहेका छन् । यस्ता चुनौती नेपालमा मात्र होइन, विश्वका धेरै मुलुकमा पनि बहसको विषय बनेका छन् । त्यसैले अबको प्रश्न प्रविधि प्रयोग गर्ने कि नगर्ने भन्ने होइन; त्यसलाई बालबालिकाको उमेर, आवश्यकता र सिकाइको उद्देश्य अनुसार कसरी सन्तुलित बनाउने भन्ने हो ।

### प्रविधिको प्रभाव

विश्वका विभिन्न देशमा विद्यालय शिक्षामा डिजिटल उपकरणको प्रयोगबारे पछिल्ला वर्षहरूमा पुनर्विचार हुन थालेको छ । यसको अर्थ प्रविधिलाई विद्यालयबाट हटाउने भन्ने होइन । कुन उमेरका बालबालिकालाई, कस्तो अवस्थामा र कुन सिकाइका लागि प्रविधि प्रयोग गर्ने भन्ने विषयमा ध्यान दिन थालिएको हो । केही देशले प्राथमिक तहमा हस्तलेखन, पुस्तक पढ्ने बानी, शिक्षक र विद्यार्थीबिचको प्रत्यक्ष सम्बन्ध तथा खेलबाट सिकाइलाई बढी महत्व दिएका छन् । कतिपय देशले विद्यालयमा व्यक्तिगत मोबाइलको प्रयोगमा कडाइ गरेका छन् भने केहीले उमेर अनुसार डिजिटल उपकरण प्रयोग गर्ने व्यवस्था गरेका छन् । अन्तर्राष्ट्रिय संस्थाले पनि डिजिटल प्रविधि प्रयोग गर्दा त्यसको शैक्षिक उपयोगिता, सन्तुलन र उपलब्ध प्रमाणलाई आधार बनाउनुपर्नेमा जोड दिएका छन् । यसबाट एउटा कुरा के स्पष्ट हुन्छ भने प्रविधि आफैं शिक्षा होइन । यो सिकाइलाई सहज बनाउने साधन हो । प्रविधि उपलब्ध हुँदैमा मात्र शिक्षाको गुणस्तर सुधार हुन्छ भन्ने मान्न सकिँदैन ।

नेपालमा पनि डिजिटल पहुँच बढाउनु आवश्यक छ तर त्यससँगै बालबालिकाको पढ्ने बानी, शिक्षकसँगको प्रत्यक्ष सम्बन्ध, सामाजिक व्यवहार, मानसिक विकास र सिर्जनात्मक क्षमतामा पर्ने असरलाई पनि ध्यान दिनु पर्छ । त्यसैले प्रविधि प्रयोग गर्ने वा नगर्ने भन्नेभन्दा पनि कहाँ, कति र कुन उद्देश्यका लागि प्रयोग गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक छ । नेपालले वर्तमान अवस्था र प्रविधिको प्रयोगबाट पर्न सक्ने दीर्घकालीन असरलाई समेत ध्यानमा राखी स्पष्ट र व्यावहारिक नीति तयार गर्न आवश्यक छ । अन्तर्राष्ट्रिय अभ्यासबाट नेपालले लिनुपर्ने मुख्य सन्देश पनि यही हो ।

आज विभिन्न विद्यालयको अवस्था नियाल्दा एउटा नयाँ चुनौती स्पष्ट देखिन्छ । धेरै स्थानीय तहले स्मार्ट बोर्ड, इन्टरनेट र अन्य डिजिटल उपकरण उपलब्ध गराएका छन्; जुन सकारात्मक प्रयास हो तर प्रविधि उपलब्ध गराउनु मात्र पर्याप्त हुँदैन; त्यसको उद्देश्यपूर्ण, जिम्मेवार र सन्तुलित प्रयोग सुनिश्चित गर्नु अझ महत्वपूर्ण हुन्छ । कतिपय विद्यालयमा शिक्षकले पढाइरहेका बेला विद्यार्थीको ध्यान बारम्बार मोबाइल वा अन्य डिजिटल माध्यमतर्फ आकर्षित हुने गरेको अनुभव सुनिन्छ । यसले सिकाइको गुणस्तर, एकाग्रता र कक्षाकोठाको शैक्षिक वातावरणमा असर पार्ने सम्भावना बढाउँछ । धेरै अभिभावकले पनि नयाँ प्रकारका समस्याबारे गुनासो गर्न थालेका छन् । मोबाइल नपाउँदा बालबालिका असहज र अधैर्य हुने तथा अत्यधिक प्रयोगको बानीका कारण पढाइमा ध्यान दिन कठिनाइ हुने, परिवारसँग संवाद कम गर्ने वा अधिकांश समय कोठाभित्रै डिजिटल उपकरणमा व्यस्त रहने प्रवृत्ति बढेको अनुभव उनीहरूले सुनाउने गरेका छन् । यस्ता सबै समस्या एउटै कारणले मात्र उत्पन्न भएका होइनन् तर अत्यधिक र अनियन्त्रित डिजिटल प्रयोग एउटा महत्वपूर्ण कारणका रूपमा देखिन थालेको छ । यसैले आजको बहस प्रविधिको विरोध गर्ने होइन, बालबालिकाको विकाससँग सन्तुलित रूपमा जोड्ने उपाय खोज्ने हुनु पर्छ ।

अत्यधिक स्क्रिन प्रयोगले बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा विभिन्न प्रकारका चुनौती ल्याउन सक्छ । गुगल वा कृत्रिम बौद्धिकता (एआई) जस्ता साधन उपयोगी भए पनि त्यसैमा पूर्ण निर्भर हुने बानीले विश्लेषणात्मक सोच र सिर्जनशीलतालाई कमजोर बनाउन सक्छ । स्वास्थ्यका दृष्टिले पनि लामो समय स्क्रिनमा बिताउने बानीले आँखामा तनाव, निद्राको समस्या, शारीरिक निष्क्रियता, मोटोपन तथा घाँटी/ढाड दुख्ने समस्या बढाउन सक्छ । त्यस्तै असुरक्षित डिजिटल प्रयोगले साइबर बुलिङ, अनलाइन ठगी, अनुपयुक्त सामग्रीमा पहुँच र गोपनीयतासम्बन्धी जोखिम पनि बढाउन सक्छ । त्यसैले डिजिटल साक्षरताको अर्थ उपकरण चलाउन सिकाउनु मात्र होइन; सुरक्षित, जिम्मेवार र नैतिक प्रयोगको संस्कार विकास गर्नु पनि हो । यस्ता जोखिमबारे अन्तर्राष्ट्रिय अध्ययनले पनि सावधानी अपनाउनुपर्ने देखाएका छन् ।

### कसको जिम्मेवारी ?

बालबालिकाका समस्या उनीहरूको मात्र कमजोरी होइनन्; यसमा परिवार, विद्यालय र समाजको समेत प्रभाव रहन्छ । डिजिटल प्रविधिको अनियन्त्रित प्रयोगले बालबालिकामा निर्भरता बढाएको छ । सहरीकरणसँगै खेलमैदान र बालमैत्री स्थान घट्दा बालबालिका मोबाइलतर्फ आकर्षित भएका छन् । बच्चालाई शान्त गराउन मोबाइल दिने अभिभावकीय बानीले समस्यालाई अझ गहिरो बनाएको छ ।

यो चुनौतीको सामना गर्न राज्य, विद्यालय र परिवारको साझा प्रयास अपरिहार्य छ । शिक्षानीतिले प्रविधिलाई सिकाइको सहयोगी मात्र बनाउनु पर्छ भने प्राथमिक तहमा खेल, पुस्तक पठन र सिर्जनात्मक गतिविधिलाई प्राथमिकता दिनु पर्छ । स्थानीय तहले बालमैत्री सार्वजनिक स्थान र पुस्तकालय निर्माण गर्नु पर्छ । परिवारभित्र पनि 'नो-फोन' अभ्यास जस्ता अनुशासन बसाल्नु जरुरी छ ।

हामी डिजिटल युगमा भएकाले प्रविधिलाई पूर्ण रूपमा अस्वीकार गर्न सकिँदैन तर यसको विवेकपूर्ण प्रयोगको संस्कार विकास गर्नु आजको आवश्यकता हो । बालबालिकालाई प्रविधिसँगै प्रकृति, खेल र समाजसँग जोगाइराख्नु पर्छ । सही नीति र संस्कारले मात्र उनीहरूको बौद्धिक र भावनात्मक विकासलाई सही दिशा दिन सक्छ । समयमै उचित निर्णय लिएमा प्रविधि बालबालिकाको प्रगतिको सशक्त सहयात्री बन्न सक्छ ।

# प्रसूति बिदा ६ महिना पुऱ्याउने प्रस्ताव, कार्यान्वयनमा शंका

गीता चिमोरिया

सरकारले प्रसूति बिदा ६ महिना पुऱ्याउने भएपछि यसको चौतर्फी स्वागत भएको छ । सुरक्षित मातृत्वको दृष्टिकोणबाट यो आवश्यक रहेको र उपयोगी हुने भन्दै प्रस्तावको स्वागत भएको हो । प्रसूति बिदा ६ महिना पुऱ्याउने प्रस्तावसहितको विधेयक तयार भएको र अब मन्त्रिपरिषद्हुँदै संसदमा लैजाने तयारीमा रहेको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले जानकारी दिएकी छन् ।

मन्त्री गौतमका अनुसार विधेयकमा प्रसूति बिदालाई ९८ दिनबाट बढाएर ६ महिना पुऱ्याउने प्रस्ताव गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा महिलालाई तलबसहित ६ महिना प्रसूति बिदा र पुरुषलाई ४२ दिनको प्रसूति स्याहार बिदा प्रस्ताव गरिएको हो ।

गत ४ असारमा नै स्वास्थ्य मन्त्रालयले विधेयकको मस्यौदामा सुझाव प्रदान गर्न मन्त्रालयस्तरको निर्णय गरी सूचना प्रकाशन गरेको थियो । मन्त्रालय स्रोतका अनुसार नागरिकस्तरबाट र सम्बन्धित मन्त्रालयहरूबाट सुझाव लिएर मस्यौदालाई अन्तिम रूप दिने काम भइसकेको छ । अब मन्त्रीले निर्णय गरी मन्त्रिपरिषद्मा पेस गरेपछि संसदमा लैजाने बाटो खुल्नेछ ।

### महिलाले गरे खुलेर प्रशंसा

प्रसूति बिदालाई ९८ दिनबाट बढाएर ६ महिना पुऱ्याउने प्रस्तावमा अधिकांश महिलाले खुलेर प्रशंसा गरेका छन् । कामकाजी महिलाले आमा हुन र कामको जिम्मेवारी सम्हाल्न एकसाथ कठिन रहेको भन्दै उनीहरूले यो प्रस्तावको प्रशंसा गरेका हुन् । सञ्चारकर्मीसमेत रहेकी धनुषाकी नेहा झा (३४) लेख्छिन्, 'म पनि एक कामकाजी आमा हुँ, एकसाथ दुई जिम्मेवारी रहेका महिलाका लागि सरकारले गरेको यो प्रस्ताव साँच्चै नै धन्यवाद भन्नयोग्य छ । सानो बच्चा बोकेर काम गर्न कत्तिको चुनौतीपूर्ण छ भन्ने कुरा मैले महसुस गर्दै आएकी छु । यो प्रस्ताव पारित भई कार्यन्वयन भए आमा बन्नै लागेका कामकाजी महिलालाई अग्रिम बधाई छ है ।'

लेखक तथा अधिकारकर्मी रामेश्वरी पन्त नयाँ प्रस्तावको स्वागत गर्दै लेख्छिन्, 'आमालाई ६ महिना सुत्केरी बिदा एकदम स्वागतयोग्य छ । बाबुलाई ४२ दिनको बिदा पनि सकारात्मक छ, तर सुत्केरी बिदामा आमा र बच्चाको स्याहार नगरेर बाहिर बाहिर हिँड्ने बाबुलाई कारबाही गर्ने व्यवस्था पनि संशोधित कानुनमै राखियोस् । बाबुहरूले सुत्केरी बिदाको दुरुपयोग गर्ने सम्भावना धेरै हुन्छ । सुत्केरीको स्याहार परिवारका पाका महिला (आमा वा सासू) लाई दिने र आफू मोजमस्तिमा लाग्ने धेरै देखिन्छन् । यसमा गम्भीर हुनु आवश्यक छ ।'

विधेयक ल्याउनुको कारणमा मन्त्रालयले संविधानको मौलिक हक कार्यान्वयन तथा मानवअधिकारको क्षेत्रमा सकारात्मक प्रभाव पर्ने, महिलालाई सम्मानजनक प्रसूति सेवाको अधिकार, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा सुनिश्चित, गर्भवती तथा सुत्केरीमाथिको हिंसा रोक्नेलगायतका विषय उल्लेख गरेको छ । नवलपरासी (सुस्ता पश्चिम) को सराबल गाउँपालिकामा कार्यरत सञ्जिता रौनियार (३९) सरकारको यो प्रस्ताव सह्रानीय रहेको बताउँछिन् । शिलापत्रसँग उनले भनिन्, 'एकातिर बच्चालाई ६ महिनासम्म आमाको दूध मात्रै खुवाउनुपर्ने भन्ने कुरा छ, तर बिदाचाहिँ तीन महिना मात्रै थियो । ६ महिना बिदाको कुरा बच्चाको पोषण र आमाको स्वास्थ्य दुवै हिसाबले एकदमै उपयोगी छ ।'

रौनियारले अगाडि थपिन्, 'एक त सुत्केरी भएका महिला तीन महिनामा राम्रोसँग तङ्गिसकेका हुँदैनन्, तीनै महिनामा कार्यालय जान थालेपछि बच्चालाई दूध खुवाउन निस्किन्छु है भन्ने वातावरण पनि हुँदैन । आफ्नै स्वास्थ्यले साथ नदिँदा थप बिदा ( बेतलबी) लिएर आराम गर्नुपर्ने हुन्छ । सबैको कार्यालय नजिकै वा बच्चा लिएर जानेखालको पनि छैन । त्यसपछि बट्टाको दूध खुवाउनुपर्छ । एकदमै गाह्रो थियो । मैले पनि बच्चालाई त्यसरी नै बट्टाको दूध खुवाएर हुर्काएँ । ६ महिनासम्म बच्चाले पूर्ण स्तनपान गर्न पाउने अनि आमाले पनि राम्रो स्वास्थ्य स्याहार पाउने र बच्चालाई समय दिन सक्ने हुन्छ, त्यसकारण यो बिदा एकदमै आवश्यक थियो । स्वस्थ आमा र बच्चा हुर्काउनु त राज्यको पनि दायित्व हो नि ।'

### कति समय लाग्छ नयाँ व्यवस्था कार्यान्वयनमा आउन ?

स्वास्थ्य मन्त्रालयका सह-प्रवक्ता (वरिष्ठ स्वास्थ्य प्रशासक) डाक्टर समीरकुमार अधिकारीका अनुसार नयाँ व्यवस्था कार्यान्वयनमा आउन ६ महिनादेखि एक वर्ष लाग्न सक्छ ।

### कार्यान्वयनको चुनौती

नयाँ व्यवस्था (प्रस्तावित) का बारेमा सामाजिक सञ्जालमै कतिपयले भने प्रश्न उठाएका छन् । उनीहरूले तलबसहितको लामो बिदा दिँदा राज्यलाई भार बढ्ने र यो बिदा कार्यान्वयनमा समेत चुनौती रहेको भन्दै प्रश्न उठाएका हुन् । स्वास्थ्य मन्त्रालयले भने तलबसहितको ६ महिना बिदाले थप आर्थिक दायित्व पर्ने भएतापनि संविधानले प्रदान गरेको महिलाको प्रजनन स्वास्थ्य अधिकार कार्यान्वयन हुने हुँदा यसले समाजमा सकारात्मक प्रभाव पर्ने बताएको छ ।



# जुट उत्पादन गर्दै सुनसरीका किसान

**दमक** / पूर्वी तराईका झापा, मोरङ र सुनसरीको उत्पादनले मात्र सुनसरी र मोरङका जुट उद्योगका लागि कच्चापदार्थ पुगिरहेको अवस्था छैन । बंगलादेश र भारतबाट जुट आयात गरिरहनु परेको जुट उद्योगीहरू बताउँछन् । केही वर्ष पहिलेभन्दा अहिले किसानले जुटको मूल्य राम्रो पाइरहेका छन् । यसैक्रमले जुटको मूल्य बढ्ने हो भने किसानले पनि जुट खेतीको क्षेत्रफल बढाउँदै लैजाने र उत्पादन पनि बढ्न जाने श्रेष्ठको भनाइ छ । एक/दुई वर्षमा जुट खेती अझ विस्तार हुँदै जाने हो भने देश जुटमा आत्मनिर्भर हुन धेरै वर्ष नलाग्ने उनले बताए ।

नेपालमा जुटको उत्पादन मुख्यतः गर्मी तथा वर्षायाममा हुने गर्छ । जुट खेतीका लागि तातो र आर्द्र हावापानी तथा पर्याप्त वर्षा आवश्यक पर्ने भएकाले यसको खेती प्रायः तराई क्षेत्रमा हुने गरेको छ । सामान्यतया जुट चैत-वैशाखमा रोपिन्छ, जेठ-असारमा यसको वृद्धि तीव्र हुन्छ र साउन-भदौमा कटाइ तथा उत्पादन गरिन्छ ।

यतिवेला सुनसरीका किसानलाई नगदे बाली जुट व्यवस्थापन गर्न भ्याइनभ्याइ छ । पछिल्लो एक महिनादेखि जुट काट्ने, जलाशयमा डुबाएर राख्ने, केलाउने, सुकाउने र बिक्री गर्न लैजान काममा यहाँका किसान व्यस्त छन् ।

पानीबाट निकालेपछि जुट र सन्ठी केलाएर छुट्याइन्छ । जुट सुकाएपछि बिक्री गर्न योग्य हुन्छ भने सन्ठी दाउराको विकल्पको रूपमा सिधै तथा गुइँठा बनाउन प्रयोग गरिन्छ । यसबाहेक घेराबेरा लगाउन पनि प्रयोग हुन्छ । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-२ का किसान रसिद मियाँ यतिबेला जुट केलाउन व्यस्त छन् । 'जुट काटेर पानीमा १५ दिन डुबाएपछि केलाउन तयार हुन्छ । अहिले पाँच जना मजदुरलाई केलाउन दुई दिन लाग्यो,' उनले सुनाए । उनले पाँच कट्ठा जमिनमा जुट लगाएका थिए ।


त्यसैगरी, भोक्राहा नरसिंह-२ कै रञ्जीत मेहताले १० कट्ठा, चन्दन मेहताले १४ कट्ठा, जगदीश मेहताले पनि ४ कट्ठा जमिनमा जुट लगाएका छन् । यहाँ ५ देखि १०-१२ कट्ठासम्म जुट लगाउने किसान धेरै छन् ।

नगदे बाली भनेपनि यसमा सोही प्रकारको लगानीसमेत हुने रञ्जित मेहता बताउँछन् । 'पाँच कट्ठा जमिनमा जुट लगाउँदा ५० हजार त खर्चै हुन्छ । कामदारको समस्या पनि उस्तै छ । महँगो, खानासहित दिनको १२ सय जति पर्न जान्छ,' उनले सुनाए । जुट अहिले स्थानीय बजारमा ४० केजीको ६ हजार रुपियाँले बिक्री भइरहेको किसान बताउँछन् । जुट केलाएको थाहा पाएपछि व्यापारी घरमै लिन आउँछन् ।

सुनसरीमो भोक्राहा नरसिंह गाउँपालिका, कोसी गाउँपालिका, हरिनगर गाउँपालिका, गढी गाउँपालिका, बर्जु गाउँपालिका, देवानगन्ज गाउँपालिका, दुहवी नगरपालिका र इनरुवा नगरपालिकामा बढी जुट खेती हुने कृषि ज्ञान केन्द्र सुनसरीले जनाएको छ ।

केन्द्रका सूचना अधिकृत प्रवीण श्रेष्ठका अनुसार गत वर्ष सुनसरीमा १ हजार ३०८ हेक्टर जमिनमा जुट खेती गरिएकोमा २ हजार १० मेट्रिक टन उत्पादन भएको थियो । यस वर्ष पनि किसानले १ हजार ३३४ हेक्टर जमिनमा लगाएका थिए । यस वर्ष २ हजार ८१ मेट्रिक टन उत्पादन भएको छ ।

## कविता



# नसोध देशको खबर


✍ सिमन क्षेत्री

कृपया, नसोध न तिमी
मेरो देशलाई कस्तो छ भनेर
बरु तिमी अरू सबै थोक सोध
अँह नसोध तिमी
मेरो देशको हालखबर
हरेक वर्ष रोएको
मेरो देशको छातीमा
शीतलता दिन सकेको छैन
सकेको छैन मैले घामसँग
प्रकाश मागेर नेपाल धर्ती उज्यालो बनाउन
अलिकति कस्तूरीको वासना
सापट लिएर देशमा सुगन्ध
छर्न सकेको छैन
सकेकै छैन मैले नेपाल
आमाको मुहार लालीले पोत्न
तिमी मुग्लान पसेदेखि
देशको सुखद समाचार खाममा
पोको पारेर पठाउँछु
भनेको पनि वर्षौं भएछ
हेर न तिमीले खबर सोध्नुअगावै
म आफैँ तिमीलाई देश
हाँसेको खबर पठाउँछु भन्दै थिएँ
पोहोर साल पनि त्यस्तै भयो
मेरो देश कलिला नानीबाबुको
रगतमा निथ्रुक्क भिज्यो
यो खबर तिमीलाई पठाउनै सकिन
नसोध न है ! माइला दाइ
देशको खबर
म आफैँ देशको सुखद
समाचार लिएर आउँछु भन्दै थिएँ
नेपाल आमाको चुल्होमा
लालीगुराँस सिउरिदिन्छु भन्दै थिएँ
शिरमा बसेका ती सेता हिमाल
आँखामा सजाउँछु भन्दै थिएँ
एक्कासि माइला दाइले
देशको खबर सोधेनन्
योपालि त उनले सोधे
गाउँको खबर
सत्तरी काट्दै गरेकी आमाको खबर
सोधे उनले सुत्केरी
प्राणप्यारीको खबर
योपालि उनले सोधे
जूनजस्ती उज्याली छोरीको खबर
उनले सोधे भर्खरै मात्र
संसार देखेको एघार दिनको
छोराको खबर
माइला दाइ ! यो पालि पनि
तिमीले देशको खबर सोधेको
भए भनिदिने थिएँ
नेपाल आमा सन्तानको वियोगमा छिन्
आफैँ धङधङाएर भासिएकी छिन्,
उठ्नै नसकिने
गरी थला परेकी छिन्
माइला दाइ तिमीले देशको खबर
सोधेको भए भनिदिने थिएँ
तिमीले त गाउँको खबर सोध्यौ
आफ्ना लालाबालाको खबर सोध्यौ
कसरी सुनाऊँ म तिमीलाई
गाउँको खबर
म आफैँ अचेत छु ।

## पुस्तक साभार



# नेपालको इतिहास र समाज अध्ययन




✍ डा. सूर्यमनि अधिकारी

## ललितपुर विजय

लामो समयदेखि बलितपुरमा छः प्रधान काजीहरूको मनोमानी चलिरहेको थियो। तिनमा कालिदास, वनवन्त भिस्वाल, देवीदास, सिरूवा आदि थिए । यिनीहरु नाँ नो मन परेको जुनसुकै व्यक्तिलाई ललितपुरको राजा बनाउन सक्थे, मन पर्न छाडेमा जाँखा फोरिदिने, मार्ने वा लखेट्ने गर्दये। यिनीहरूले केही समयपहिले एक बनी व्यापारी तेजनरसिंह मन्तलाई ललितपुरका राजा बनाएका थिए । गोखांक विजयको बेलामा यिनै तेजनरसिंह त्यहाँका राजा थिए। जयप्रकाश मन्त भागेर ललितपुरमा शरण लिई उनैका अतिथि भई बसेका थिए ।

पृथ्वीनारायण शाहले पण्डित श्रीहर्ष मिश्रलाई आफ्ना दूत बनाएर आत्मसमर्पण गरेमा जीउधनको सुरक्षा गरिनेछ र मानपदवी पुरस्कारसमेत दिइनेछ भन्ने सन्देशसहित छ प्रधानहरूसँग कुराकानी गर्न पठाए। कुराकानीपछि छ प्रधानहरु बात्मसमर्पण गर्ने राजी भए । यो थाहा पाई जयप्रकाश मला र तेजनरसिंह भागेर भक्तपुरमा शरण लिन गए। कान्तिपुर विजयको ११ दिनमा अर्थात् वि.सं.१८२५ असोज २४ गते ६ प्रधानहरूले आत्मसमर्पण मरे। यसप्रकार विनारक्तपान ललितपुर गोखांको अधीनमा बायो। व प्रधानमध्ये काजी धनवन्त पृथ्वीनारायण शाहसँग पहिल्यै मिलिसकेका थिए। उनले ठूलो विर्ता र सम्मान पाए। अन्य प्रधानहरूलाई पृथ्वीनारायण शाहले कान्तिपुर बोलाएका थिए । उनीहरु पूरा विश्वास गर्न नसकी कान्तिपुर गएनन्। पृथ्वीनारायण शाहले उनीहरूलाई पकन लगाई विश्वासघाती ठहऱ्याएर सर्वस्वहरण गरी मृत्युदण्ड दिए । त्यसै वर्ष पौषमा सिन्दूरयात्रा गरी ललितपुर शहरकी परिक्रमा गरेर पृथ्वीनारायण शाहले विजयोत्सव मनाए ।

**भक्तपुर विजय**

ललितपुरबाट भागेर गएका जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरको दत्तात्रेय मन्दिरमा गई सुकेका थिए। उनीहरूले भक्तपुरका राजा रणजित मल्लसँग शरणको माग गरे । उता पृथ्वीनारायण शाहले उनीहरूलाई पक्रेर अविलम्ब फिर्ता पठाइदिन आग्रह गरे। यसले गर्दा रणजित मल्ललाई बडो अप्ठेरो स्थिति आइपऱ्यो । यस विषयमा उनले भक्तपुर राज्यका चौबीसै टोलका बकाली (प्रमुख प्रजाहरु) बोलाएर सरगन्ताह गरे। सबैले शरणको मरण गर्न उचित हुँदैन भन्ने परामर्श दिएकाले रणजित भन्नलते दुवै राजालाई शरण दिएर राखेका थिए ।

जयप्रकाश मन्न भक्तपुरमा पनि चुप लागेर बसेनन् । उनले अङ्ग्रेजहरूसंग सहायताका लागि पुनः वाचना गरे तथा चौदण्डीका राजा कर्णसेनसँग पनि सहयोग मागे । उनको अनुरोधमा कर्णसनले केही खम्बू सैनिकहरु पठाए। उनी रणजित मन्लका मठ्याहां (ल्याइतेपट्टिका) छोराहरूलाई उचालेर पृथ्वीनारायण शाहसँग युद्ध गर्ने तरखरमा लागे । भक्तपुरमा भएका यस्ता क्रियाकलाप बुझेर पृथ्वीनारायण शाहले आँना मीतबा रणजित मल्ललाई तुरुन्त आत्मसमर्पण गर्न पत्र लेखे। तर जयप्रकाशको बहकाउमा लागेर रणजित मल्लले आत्मसमर्पण गर्न इन्कार गरे। युद्ध नगरी भक्तपुर आँनो अधीनमा नआउने देखेपछि पृथ्वीनारायण शाहले वि.सं. १८२६ कार्तिक २ ९ गते शूरप्रताप शाह, केहरसिंह बस्नेत, अमरसिंह थापा, रामकृष्ण कुंवर समेतको नेतृत्वमा लगभग १५०० फौज भक्तपुरमाथि आक्रमण गर्न पठाए। भक्तपुरका सैनिक, जयप्रकाश मल्लसँग भएका नगरकोटी सैनिक र कर्णसेनले पठाएका खम्बू सैनिकसमेत जम्मा गरी भक्तपुरले जयप्रकाश मल्लको नेतृत्वमा प्रतिरक्षाको तयारी गरेको थियो । - क्रमशः...

## मनोरञ्जन

# 'पेन्सन पट्टा'ले विदेश प्रदर्शन सुरु गर्ने

**दमक**/ माओत्से गुरुङको लेखन तथा निर्देशन रहेको फिल्म 'पेन्सन पट्टा' नेपाली दर्शकले रुचाइरहेका छन् । फिल्मले विदेश प्रदर्शन समेत सुरु गर्ने भएको छ । फिल्मले विदेश प्रदर्शन अस्ट्रेलिया र स्पेनको बार्सिलोनाबाट सुरु गर्न लागेको हो । बार्सिलोनामा सेप्टेम्बर २८ देखि फ्रेन्डजी इन्टरटेनमेन्टले प्रदर्शन गर्न लागेको निर्देशक गुरुङले जानकारी दिए । त्यसैगरी



अस्ट्रेलियाका विभिन्न सहरमा सेप्टेम्बर २१ देखि प्रदर्शनमा आउनेछ । द ब्याकअप इभेन्ट्स र डीबोइज इन्टरटेनमेन्टले अस्ट्रेलियामा फिल्म प्रदर्शनको जिम्मा लिएको निर्देशक गुरुङले बताए । गुरुङका अनुसार फिल्म सिड्नी, एनएसडब्ल्यू, ब्रिस्बेनलगायतका सहरमा प्रदर्शनको तयारी गरिएको छ ।

लाहुरे जीवन, परिवार, सम्बन्ध, प्रेम, त्याग र मानवीय संवेदनालाई कथा बनाइएको फिल्म माओत्से गुरुङ फिल्मसको ब्यानरमा निर्माण भएको हो । चलचित्रका निर्माता मिन कोन्मे गुरुङ, भोजबहादुर गुरुङ, माया गुरुङ र सपना गुरुङ हुन् । डीबी गुरुङले प्रोडक्सन म्यानेजरका रूपमा काम गरेका छन् । चलचित्रको कथा तथा निर्देशन माओत्से गुरुङकै हो ।






## प्रेरक भनाइहरु

○ पहिले तिमी उज्यालो तर्फ फर्क त्यसछी छायाँ स्वतः पछी पर्नेछ । - ***हेलेन केलर***

○ आलोचनाबाट बच्ने तिन उपाय छन्, केही नगर, केही नभन, केही नबन । - ***अल्बर्ट हुबार्ड***

○ जुन कामप्रती तिमीलाई प्रेम छ हो त्यही गर, त्यसपछी पैसा उर्लेर आउनेछ । - ***मार्सा सिनेटर***

○ लक्ष्य लिएर अघि बढ्नुले सबैथोक बदलिदिन्छ । - ***स्कट रीड***

○ पहिला आफ्नो विचार बदल त्यसपछी संसार बदलिएको पाउनेछौ ।- ***नोर्मान भिनसेन्ट***

○ संसारको सबैभन्दा शुन्दर चिज न देख्न सकिन्छ न त सुन्न नै यसलाई हामीले हृदयबाट अनुभूत गर्नुपर्दछ । - ***हेलेन केलर***

○ हामी जे बन्न सक्थ्यो त्यो बन्नका लागि अझै कत्ती पनि ढिला भएको छैन । - ***जर्ज इलियट***

○ प्रकृतीमा बाँच्ने सबैभन्दा बलियो प्रजाती होइन बरू त्यो हो जसले समयसँगै आफूमा परिवर्तन ल्याउन सक्छन ।
- ***चार्ल्स डार्विन***

○ सात पटक खस र आठ पटक उठ । - ***जापानी कहावत***

○ काममा व्यस्त व्यक्तिसँग आँशु बगाउने समय हुन्न ।
- ***चाणक्य***

○ प्रत्येक मान्छे आफ्नो भाग्यको निर्माता आफै हो ।
- ***सैलस्ट***

○ मित्रबाट बँच्नु, शत्रुसँग त जो पनि लड्न सक्छ ।
- ***नित्से***

## खानपान र स्वास्थ्य

# खाली पेटमा लसुन खानुका पाँच फाइदा

लसुन नेपाली भान्सामा नियमित रूपमा प्रयोग हुने मसला मात्र होइन, औषधीय गुणले भरिपूर्ण प्राकृतिक खाद्य पदार्थ पनि हो । लसुनमा पाइने एलिसिनलगायतका सक्रिय तत्त्वले शरीरलाई विभिन्न प्रकारका स्वास्थ्य लाभ पुऱ्याउन सक्ने विभिन्न अध्ययनहरूले देखाएका छन् । विशेषगरी बिहान खाली पेटमा लसुन सेवन गर्दा केही अतिरिक्त फाइदा हुने विश्वास गरिन्छ । यद्यपि यसको प्रभाव व्यक्तिअनुसार फरक हुन सक्छ ।



**१. रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग**

लसुनमा एन्टिअक्सिडेन्ट र जीवाणुरोधी गुण हुन्छ । नियमित रूपमा सेवन गर्दा शरीरको रोगसँग लड्ने क्षमता मजबुत बनाउन सहयोग पुग्न सक्छ ।

**२. रक्तचाप नियन्त्रणमा सहयोग**

केही अनुसन्धानले लसुनले उच्च रक्तचाप भएका व्यक्तिमा रक्तचाप घटाउन सहयोग गर्न सक्ने देखाएका छन् । तर यसलाई औषधिको विकल्पका रूपमा प्रयोग गर्नु उचित हुँदैन ।

**३. मुटुको स्वास्थ्यमा लाभदायी**

लसुनले खराब कोलेस्ट्रोल कम गर्न र रक्तसञ्चार सुधार्न मद्दत गर्न सक्ने अध्ययनहरूले देखाएको छ । यसले मुटुसम्बन्धी रोगको जोखिम कम गर्न सहयोग पुग्न सक्छ ।

**४. पाचन प्रणाली सुधार्न सहयोग**

बिहान खाली पेटमा लसुन सेवन गर्दा पाचन प्रक्रियालाई सक्रिय बनाउन र आन्द्राको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्ने विश्वास गरिन्छ ।

**५. एन्टिअक्सिडेन्टको राम्रो स्रोत**

लसुनमा रहेका एन्टिअक्सिडेन्टले शरीरका कोषिकालाई अक्सिडेटिभ क्षतिबाट जोगाउन मद्दत गर्न सक्छन्, जसले दीर्घकालीन स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ ।

**सावधानी आवश्यक**

खाली पेटमा लसुन खाँदा केही व्यक्तिमा पेट पोल्ने, ग्यास, अम्लपित्त वा वाकवाकी हुने समस्या देखिन सक्छ । रगत पातलो बनाउने औषधि सेवन गरिरहेका, शल्यक्रियाको तयारीमा रहेका वा विशेष स्वास्थ्य समस्या भएका व्यक्तिले नियमित रूपमा धेरै मात्रामा लसुन सेवन गर्नुअघि चिकित्सकको सल्लाह लिनु उचित हुन्छ ।

## दैनिक राशिफल



आज मिति २०८३ साल असोज ०२ गते शुक्रबार
18 Sept. 2026
तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

अन्तर्राष्ट्रिय

# सरस्वती माविका सात विद्यार्थीलाई 'महेश्वरा छात्रवृत्ति'




**दमक/** शिक्षामा लगानी गर्ने अभियानअन्तर्गत रोटरी क्लब अफ दमकले बुधबार दमकको सरस्वती माध्यमिक विद्यालयका सात जना जेहेन्दार तथा आर्थिक रुपमा कमजोर विद्यार्थीलाई 'रोटरी महेश्वरा छात्रवृत्ति' प्रदान गरेको छ ।

रोटा वर्षअनुसार सेप्टेम्बरलाई आधारभूत शिक्षामा लगानी गर्ने महिनाका रूपमा अघि बढाउँदै क्लबले यस वर्ष पनि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको हो। छात्रवृति रोटरियन डा. लेखनाथ न्यौपानेले आफना दिवंगत माताको स्मृतिमा 'रोटरी महेश्वरा छात्रवृत्ति' अक्षय कोष स्थापना गरेका हुन् ।

कोषमार्फत रोटरीले बर्षेनी ७ जना विद्यार्थीलाई ५ हजार रूपैयाँ नगद छात्रबृतिसहित स्कुल ब्याग र स्टेसनरी सामग्री प्रदान गरिआएको छ ।

सोहि अवसरमा इन्टरएक्ट क्लब अफ जेम्सले ५ हजार रूपैयाँ बराबरको शैक्षिक सामग्री सहयोग गरेको थियो। यस्तै, छात्रवृत्ति अभियानका लागि डा. लेखनाथ न्यौपानेले २१ हजार रूपैयाँ र रोटरी क्लब अफ दमकले १४ हजार रूपैयाँ सहयोग गरेको क्लबले जनाएको छ । विद्यार्थीहरूलाई स्कुल ब्याग उपलब्ध गराउने उद्देश्यले दमक-६ स्थित श्रेया सप्लायर्सकी प्रोप्राइटर संगीता अधिकारी बरालले ७ जना विद्यार्थीलाई ७ हजार रूपैयाँ बराबरका स्कुल ब्याग प्रदान गरेकी छन्।

दमक नगरपालिका-९ का वडा अध्यक्ष कुबेर भट्टराईको प्रमुख आतिथ्यतामा तथा विद्यालयका प्रधानाध्यापक सीताराम ढकाल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष गगन पुरी, जीवन चक्र समाजका प्रतिनिधि, रोटरियन, इन्टरएक्ट क्लब अफ जेम्सका प्रतिनिधि, विभिन्न क्लबका प्रतिनिधि, विद्यार्थी तथा अभिभावकको उपस्थिति थियो। छात्रवृत्तिका संस्थापक डा. लेखनाथ न्यौपाने तथा उनको परिवारको समेत कार्यक्रममा सहभागिता रहेको थियो।

शिक्षामार्फत विद्यार्थीको भविष्य निर्माणमा सानो सहयोगले पनि सकारात्मक योगदान पुरयाँउने उद्देश्यले छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको क्लवका अध्यक्ष सागर श्रेष्ठले बताए ।

## अमेरिकाले भारतमाथि सय प्रतिशत ट्यारिफ लगाउने

**एजेन्सी/** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतलगायत रुसबाट ठूलो परिमाणमा कच्चा तेल खरिद गर्ने देशमाथि सय प्रतिशतसम्म ट्यारिफ लगाउन सक्ने बाटो खुलेको छ। रुसबाट बढी तेल खरिद गर्ने पाँच देशमाथि सय प्रतिशतसम्म ट्यारिफ लगाउनेसम्बन्धी विधेयक अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सबाट पारित भएको हो ।

बुधबार भएको मतदानमा विधेयकको पक्षमा २६२ र विपक्षमा १५९ मत परेको थियो। अमेरिकी सिनेटले यसअघि नै अगस्टमा ८६-११ मतले विधेयक पारित गरिसकेको थियो । अब राष्ट्रपति ट्रम्पले हस्ताक्षर गरेपछि विधेयक कानुन बन्नेछ। विधेयकको आधिकारिक नाम 'लिन्डसे ओ. ग्राहम स्याङ्सनिङ रुस एन्ड इरान एक्ट अफ २०२६' रहेको छ।

रुसबाट ठूलो परिमाणमा कच्चा तेल खरिद गर्ने अमेरिकी सूचीमा चीन, भारत, स्लोभाकिया, हंगेरी र अजरबैजान रहेका छन् । अमेरिकी व्यापार प्रतिनिधिले प्रत्येक १८० दिनमा उक्त सूचीको समीक्षा गर्ने व्यवस्था गरिएको छ।

अमेरिकाले १०० प्रतिशतसम्म ट्यारिफ लगाउने सम्भावनाबीच भारतीय विदेश मन्त्रालयले राष्ट्रिय हितमा सम्झौता नगर्ने बताएको छ। भारतले अहिले पनि रुसबाट ४० प्रतिशतभन्दा बढी तेल किन्छ।

रुस-युक्रेन युद्ध सुरु भएपछि भारतले रुसबाट सस्तो कच्चा तेलको आयात उल्लेख्य रूपमा बढाएको हो। आर्थिक वर्ष २०२२-२३ मा रुस भारतको सबैभन्दा ठूलो तेल आपूर्तिकर्ता बनेको थियो।

युद्धअघि रुसबाट भारतले निकै कम मात्रामा कच्चा तेल आयात गर्दै आएको थियो। तर त्यसपछि आयात बढेर दैनिक करिब १६ देखि २० लाख ब्यारेलसम्म पुगेको बताइएको छ। हाल भारतले आफ्नो आवश्यकताको ४० प्रतिशतभन्दा बढी कच्चा तेल रुसबाट आयात गरिरहेको छ। यसका कारण भारत रुसबाट तेल खरिद गर्ने प्रमुख देशमध्ये एक बनेको छ।

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा साढे १४ अर्ब पुग्यो

**झापा/** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मौज्दात रकम झण्डै साढे १४ अर्ब पुगेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार आज बिहानसम्म विभिन्न नौवटा बैङ्कमा रु १० अर्ब ७९ करोड २६ लाख ६४ हजार ८९८ मौज्दात छ। त्यस्तै, कोषका दुई वटा बैङ्कमा रहेको डलर खातामा रु दुई करोड ३९ लाख ३० हजार ७३१ अमेरिकी डलर जम्मा भएको छ।

कार्यालयका अनुसार सबै खातामा गरी रु १४ अर्ब ४५ करोड ९८ लाख १० हजार १७८ जम्म भएको हो। कोषमा जम्मा भएको रकमबाट रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत रु एक अर्ब निकासा भइसकेको छ।

सरकारले हालै रसुवाका बाढी प्रभावित परिवारलाई आवास भाडा र अन्य आवश्यक खर्च व्यवस्थापनका लागि मासिक रकम उपलब्ध गराउने निर्णय गरिसकेको छ। जसअनुसार चार सदस्यसम्मको परिवारलाई मासिक रु १५ हजार र थप प्रत्येक सदस्यका लागि रु दुई हजार अतिरिक्त उपलब्ध गराइने छ।

# एक हजार ३१५ किलोग्राम गाँजा नष्ट



**खोटाङ/** जिल्ला प्रहरी कार्यालय खोटाङले महिनादिनअघि बरामद गरेको एक हजार ३१५ किलोग्राम लागूऔषध गाँजा नष्ट गरिएको छ । गत साउन-२१ गते राति दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-७ दोर्पाको वालिङस्थित मध्यपहाडी लोकमार्गबाट ट्रकमा लोड गरी राखिएको अवस्थामा बरामद गरिएको करिब दुई करोड रूपैयाँ मूल्य बराबरको उक्त गाँजा प्रहरीले नष्ट गरेको हो ।

जंगलमा रोकेर राखेको ट्रक शंकास्पद लागेपछि चेक जाँच गर्ने क्रममा गाँजा लुकाएर राखेको अवस्थामा भेटिएको थियो । जिल्ला प्रहरी कार्यलय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतका अनुसार, प्रदेश १-०२-००२ ख ००८३ नम्बरको ट्रकमा चालक बस्ने भाग र पछाडि डालाकोबीच भागमा फल्स बटम बनाएर राखिएको अवस्थामा उक्त परिमाणमा गाँजा भेटिएको थियो । दिक्तेल-चखेवाभञ्ज्याङ सडक खण्डको वालिङमा रोकेर राखिएको ट्रकमा उक्त गाँजा भेटिए पनि चालकको भने पहिचान खुल्न सकेको छैन । चालक फरार रहेकाले गाँजा धनी पहिचान हुन बाँकी रहेको जिल्ला प्रहरी प्रमुख प्रकाश बुधाथोकीले जानकारी दिएका छन् । उक्त ट्रकका धनीलाई भने प्रहरीले पक्राउ गरेको छ । गाँजा कानुनी प्रक्रिया पूरा गरी जिल्ला अदालत खोटाङ परिसरमा लगेर नष्ट गरिएको हो ।

### मोटरसाइकल दुर्घटना, चालकको मृत्यु

**झापा/** जिल्लाको झापा गाउँपालिका वडा नं ३ मा बुधबार बिहान मोटरसाइकल दुर्घटना हुदाँ चालकको ज्यान गएको छ ।

सुरुङ्गाबाट कामाटोलीतर्फ जाँदै गरेको बीआर ३७ क्यू ३९४९ नं.को १२५ सीसीको हिरो ग्ल्यामर मोटसाइकल विहान १०.३० वजे अचानक आफै अनियन्त्रित भई दुर्घटना भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक भारत किशनगंज जनता सिंघिमारी फुटानी बजार बस्ने बर्ष २८ का सुल्तान अली गंभीर घाइते भएका थिए । टाउकोमा गम्भीर चोट लागेका अलीलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा डाक्टरले चेकजाँच गर्दा बाटोमै मृत्यु भइसकेको थियो ।

मृतकको लास तत्काल सोही अस्पतालमा रहेको र मोटरसाइकल प्रहरी चौकी टाघनडुब्बाको नियन्त्रणमा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## चट्याङको ठूलो आवाजपछि हृदयाघात, एक जनाको मृत्यु

**झापा/** झापामा बुधबारराति हावाहुरी र वर्षासँगै आएको चट्याङको ठूलो आवाजपछि हृदयाघात भएर एक जनाको मृत्यु भएको छ।

कनकाई नगरपालिका-८ मा बस्दै आएका सोमनाथ अधिकारीको चट्याङको ठूलो आवाजपछि हृदयाघात भएर मृत्यु भएको पारिवारिक स्रोतले जनाएको हो। अधिकारीको स्थायी घर बाह्रदशी गाउँपालिका-६, कुमालगाउँ रहेको बताइएको छ।

यसैबीच, बुधबारराति आएको हावाहुरी र भारी वर्षाका कारण झापाका विभिन्न स्थानमा विद्युत् सेवा प्रभावित भएको छ। चारपाने चोकको दक्षिणपट्टि हावाहुरीका कारण विद्युत्को पोलसमेत ढलेको छ।

अनारमनी वितरण केन्द्रका अनुसार सुरुङ्गा, धुलाबारी र शनिश्चरे फिडरमा समस्या आएपछि विद्युत् आपूर्ति अवरुद्ध भएको हो। केही स्थानमा स्विचिङ गरेर विद्युत् सेवा सञ्चालनमा ल्याइएको भए पनि अधिकांश क्षेत्रमा आपूर्ति अझै अवरुद्ध रहेको केन्द्रले जनाएको छ। अनारमनी वितरण केन्द्रका प्रमुख राजमणि बजगाईका अनुसार प्राविधिक टोली परिचालन गरी विद्युत् अवरोधको कारण पहिचान तथा मर्मतको काम भइरहेको छ। उनले यथाशीघ्र समस्या समाधान गरी विद्युत् आपूर्ति नियमित गरिने बताए।

## कोशीमा बजेटविहिन पर्यटन वर्ष घोषणा

**दमक/** कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३-८४ लाई 'कोशी पर्यटन वर्ष' मनाउने घोषणा गरेको छ । तर पर्यटन वर्ष मनाउन कुनै पनि कार्यक्रम शीर्षकमा बजेट विनियोजन नगरेको पाइएको छ ।

सरकारले महत्वका साथ २०८३ र २०८४ लाई कोशी पर्यटन वर्ष मनाउने कुरा नीति तथा कार्यक्रम र बजेट भाषणमा समावेश गरेको थियो । तर विनियोजन विधेयकमा भने त्यसका लागि एक रूपियाँ पनि बजेट विनियोजन नगरेको पाइएपछि मन्त्रालय यतिबेला कताबाट बजेट ल्याउने भन्ने समस्यामा परेको छ ।

कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्री खिनु लङ्वा लिम्बूले बुधबार होटल संघ नेपाल (हान) कोशी प्रदेश समितिको पदस्थापन तथा परिचयात्मक कार्यक्रमलाई सम्बोधन गर्दै सरकारले पर्यटन वर्ष घोषणा गरे पनि बजेट विनियोजन नगरेको जानकारी दिए । मन्त्री लिम्बू भदौ १ गते नयाँ गठबन्धनको तर्फबाट मन्त्री बनेका हुन् ।

आफूले मन्त्रालय सम्हालेको एक महिना मात्र भएको उल्लेख गर्दै पर्यटन वर्षका लागि नीति तथा कार्यक्रममा योजना देखिए पनि बजेटको कुनै व्यवस्था नगरिएको बताए । यद्यपि, वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रममार्फत यसलाई व्यवस्थित गर्न आगामी योजना र बजेटमा सम्बोधन गर्ने प्रयास भइरहेको उनको भनाइ छ ।

होटल तथा पर्यटन व्यवसायीले भोग्दै आएका समस्याप्रति सरकार गम्भीर रहेको बताउँदै मन्त्री लिम्बूले कोशी प्रदेशको पर्यटन ऐन संशोधनको तयारी भइरहेको बताए ।

कार्यक्रममा होटल संघ नेपालका केन्द्रीय अध्यक्ष विनायक शाहले कोशी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना भए पनि त्यसको उचित उपयोग हुन नसकेको बताए ।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले कोशी प्रदेश हिमाल, पहाड र तराईको जैविक तथा सांस्कृतिक विविधताले भरिपूर्ण रहेकाले यसलाई पर्यटनको हब बनाउन सकिने बताए ।

कार्यक्रममा होटल संघ नेपाल, कोशी प्रदेशका नवनिर्वाचित अध्यक्ष राजन श्रेष्ठसहित वरिष्ठ उपाध्यक्ष भवेश श्रेष्ठ, उपाध्यक्ष शान्ति श्रेष्ठ, महासचिव जीवन पराजुली, सचिव पुण्य भट्टराई, कोषाध्यक्ष खेम ओलीलगायत कार्यसमिति सदस्य तथा सल्लाहकारहरूको पदस्थापन गराइएको थियो । त्यस अवसरमा संघमा आबद्ध विभिन्न होटलहरूलाई सदस्यता तथा प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।

# सप्तकोशी किनारका स्थानीय त्रसित

दमक/ रसुवाको भोटेकोशीमा आएको बाढीले ठुलो जनधनको क्षति पु-याएपछि सप्तकोशी नदीआसपासका बासिन्दामा बाढीको त्रास बढेको छ। हिमाली क्षेत्रबाट बगेर आउने सप्तकोशी नदीमा कुनैबेला भोटेकोशीमा जस्तै विनाशकारी बाढी आउन सक्ने चिन्ताले सप्तकोशी किनारका बासिन्दालाई पिरोल्न थालेको छ।

सप्तकोशी नदीसँगै जोडिएका बस्तीमा बर्सौंदेखि बसोबास गर्दै आएका स्थानीयले भोटेकोशी बाढीको दृश्यले झस्काएको स्थानीय ५५ वर्षीय श्याम चन्द्रवंशीले बताए। नदीको बदलिँदो स्वरूप, बर्सौंदेखि थुप्रिँदै आएको बालुवा र गेग्रान तथा दशकौं पुरानो पूर्वी तटबन्धको अवस्थाले चिन्ता बढाएको उनको भनाइ छ। वराहक्षेत्र नगरपालिका-६ का ५८ वर्षीय बद्री राईले भोटेकोशीमा आएको बाढीपछि सप्तकोशी किनारमा बस्ने आफूहरूमा डर बढेको बताए।

चीनको तिब्बत हुँदै नेपालका हिमाली तथा पहाडी भूभागबाट बगेर आउने नदी मिलेर बनेको सप्तकोशीमा बर्खायाममा पानीको बहाब तीव्र हुने गरेको छ। अरुण, तमोर, सुनकोशी, दुधकोशी, तामाकोशी, लिखु र इन्द्रावतीको सङ्गमबाट बनेको सप्तकोशी चतराबाट समथर भूभागमा फैलिएर बग्दै आएको छ। सुनसरीको चतरादेखि कोशी ब्यारेजसम्मको क्षेत्र र उदयपुरको बेलका नगरपालिकाको तल्लो तटीय क्षेत्र, सप्तरीको सप्तकोशी नगरपालिका तथा कोशी गाउँपालिकाआसपासका बासिन्दाले नदीको बाढी र कटानको जोखिम सामना गर्दै आएका छन्।

***नौ लाख......***वसुन्धारा चोकस्थित एक रेस्टुरेन्टबाट बुधबार नियन्त्रणमा लिएको हो । अख्तियारका अनुसार वलीविरूद्ध घुस लिएको भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको छ । उनलाई विशेष अदालतको आदेशबाट म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

***भद्रपुर.....***अवधिमा भएको संकलन वार्षिक लक्ष्यको १७ दशमलव ७५ प्रतिशत हो। यस अवधिमा संकलित कुल राजस्वमध्ये सबैभन्दा बढी योगदान मूल्य अभिवृद्धि कर (भ्याट) बाट दुई करोड २० लाख एक हजार १५६ रुपैयाँ रहेको छ।

यस्तै, भन्सार महसुल (आयात) बाट एक करोड ८४ लाख १२ हजार ३२३ रुपैयाँ, अन्तःशुल्कबाट ६२ लाख ७७ हजार २९६ रुपैयाँ र कृषि सुधार शुल्कबाट १३ लाख २२ हजार ३८९ रुपैयाँ संकलन भएको कार्यालयले जनाएको छ।

गत आव २०८२/८३ मा भने कार्यालयले निर्धारित राजस्व संकलनको लक्ष्य पूरा गर्न सकेको थिएन। सो वर्ष २५ करोड तीन लाख २५ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा ७४ दशमलव ३४ प्रतिशत अर्थात् १८ करोड ६० लाख ९५ हजार ८४४ रुपैयाँ मात्रै संकलन भएको थियो।

**सशक्तिकरण महिला बचत तथा ऋण सहकारी संस्था लि. कमल-५ झापा को**

**वार्षिक साधारण सभा साथै निर्वाचन सम्बन्धी सूचना**

यस सशक्तिकरण महिला बचत तथा ऋण सहकारी संस्थाको **तेह्रौं बार्षिक साधारण सभा** यही मिति २०८३/०६/२३ गते शुक्रबारका दिन हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई अनिवार्य उपस्थित भईदिनहुन अनुरोध गर्दछौं। साथै मौजुदा कार्य समितिको कार्यकालको समाप्त भएको हुँदा नयाँ संचालक समिति र लेखा सुपरिवेक्षण समिति चयन गनुपर्ने भएकाले निम्न अनुसार निर्वाचन कार्यक्रम प्रकाशन गरिएको व्यहोरा जानकारी गराउँदै तपशिलमा रहेको मिति, समय तथा स्थानमा उपस्थित भईदिनहुन अनुरोध गर्दछौं।

| क्रस | निर्वाचन कार्यकम | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको नामवली प्रकाशन | २०८३/०६/१६ | बिहान १०-४ बजेसम्म |
| २ | मतदाताको नाम दर्ता सच्याउने वा हटाउने | २०८३/०६/१७ | बिहान १०-४ बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामवली प्रकाशन | २०८३/०६/१८ | बिहान १०-४ बजेसम्म |
| ४ | उम्मेरद्धारीको नामवली दर्ता | २०८३/०६/१९ | बिहान १०-३ बजेसम्म |
| ५ | उम्मेरद्वारीको नामवली प्रकाशन | २०८३/०६/१९ | दिउँसो ३-४ बजेसम्म |
| ६ | उम्मेरद्वारी दावी बिरोध | २०८३/०६/२० | बिहान १०-१२ बजेसम्म |
| ७ | दावी बिरोध तथा छानविन | २०८३/०६/२० | दिउँसो १२-२ बजेसम्म |
| ८ | उम्मेरद्वारीको नाम फिर्ता | २०८३/०६/२० | दिउँसो २:३०-४ बजेसम्म |
| ९ | उम्मेरद्वारीको अन्तिम नामवली प्रकाशन | २०८३/०६/२१ | बिहान १०-३ बजेसम्म |
| १० | मतदान कार्यक्रम | २०८३/०६/२३ | बिहान १०-३ बजेसम्म |
| ११ | मतगणना र मतपरिणाम | २०८३/०६/२३ | दिउँसो ३-५ बजेसम्म |

**तपशिल :**
- ♦ मिति : २०८३/०६/२३ गते शुक्रबार
- ♦ समय : बिहान १० बजे
- ♦ स्थान: संस्थाको कार्यालय

निर्वाचन अधिकृत
**गोपाल चन्द्र भुजेल**

**मोडल** बचत तथा ऋण सहकारी संस्था लि.

**१५ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस **मोडल बचत तथा ऋण सहकारी संस्था लि.**, दमक-६, झापाको मिति २०८३ साल भाद्र ०१ गते बिहीबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको गरिमामय **१५ औं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई पत्राचार र टेलिफोन मार्फत सम्पर्क गरि एको छ, कुनै कारणबस सुचना नपुगेमा यसै सुचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि **हार्दिक अनुरोध** गरिन्छ।

**तपशील**
- ❖ मिति : २०८३/०६/०३ गते शनिबार
- ❖ समय : बिहान १०:०० बजेदेखि
- ❖ स्थान : उद्योग वाणिज्य संघको सभाहल, दमक-७, पशुहाट

दमक-६, झापा । फोन नं : ०२३-५७५९८८

दमक सहकारी संस्था लि. दमक झापाको

**२१ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**दमक सहकारी संस्था लि.**, दमक-६, झापाको विनियमको दफा १९को उपदफा १ अनुसार संस्थाको **२१ औं वार्षिक साधारण सभा** तपशिल अनुसार सम्पन्न गरिने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्युहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**साधारण सभा सम्बन्धी कार्यक्रम**
- ♦ **मिति : २०८३ असोज ३ गते शनिबार** ♦ समय : बिहान ११ बजेदेखि
- ♦ स्थान : पशुपति मन्दिरको सभाहल, दमक-६, झापा

**सधारण सभामा छलफलका विषयहरू :**
१) अध्यक्षद्वारा प्रस्तुत संस्थाको नीति तथा कार्यक्रम सहितको प्रतिवेदन माथि छलफल तथा पारित।
२) लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल तथा पारित।
३) स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन माथि छलफल तथा पारित।
४) आ.व. २०८३/०८४ का लागि लेखापरीक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण।
५) **विविध**

**पुनश्च:** क) साधारण सभामा उपस्थित हुनुहुने शेयर सदस्यज्यूहरुलाई संस्थाको नियम अनुसार पारबहन खर्चको ब्यवस्था गरीएको छ।
ख) संस्थाले प्रदान गरेको परिचय-पत्र अनिवार्य लिएर आउनुपर्ने छ।

**डा. नेत्रबहादुर बुढाथोकी**
(अध्यक्ष)
**दमक सहकारी संस्था लि.** दमक-६, (झापा)

♦ **प्रधान सम्पादक/प्रकाशक:** गञ्जबहादुर दाहाल, ♦ **कार्यकारी सम्पादक:** खगेन्द्र कार्की ♦ **सहसम्पादक:** विमल लामिछाने ♦ **बजार व्यवस्थापक:** केशव खनाल ♦ **लेआउट:** सुरेन बस्नेत
**कार्यालय:** दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण:** ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com